आज मिति २०८२ साउन १९ गते सोमबारका दिन बिहान ११:०० बजे राइनास नगरकार्यापालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं.(१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७८ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल | सदस्य-सचिव |

**आमन्त्रित अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | ब.प्र.अ. श्री तुल बहादुर बि.क. | प्रशासन शाखा |
| | लेखा अधिकृत श्री श्याम बहादुर पराजुली | आ.प्र.शाखा |
| | प्र. प्र. अ. बिमला वाग्ले | योजना शाखा |
| | इ. निरिता रिसाल | प्राविधिक शाखा |
| | व. प्र. नि. पुष्पा लम्साल वाग्ले | प्रशासन शाखा |

CamScanner

**मिति २०८२/०४/१९ गतेको ७८ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**प्रस्तावहरु :**

१.आर्थिक वर्ष २०८१/०८२ को समीक्षा सम्बन्धमा ।

२.चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम पुस्तिका (रातो किताब) प्रकाशन सम्बन्धमा।

३.संघीय समपुरक योजना रिङरोडको कार्यान्वयन सम्बन्धमा ।

४.रिक्त पदहरुको विज्ञापन प्रकाशस सम्बन्धमा ।

५.डोजर नामसारी र मर्मत सम्बन्धमा ।

६.शिशु विद्याश्रम मा.वि.को ठेक्का फरफारक तथा धमिलिकुवा अस्पतालको निर्माण व्यवसायीलाई एल.डी.लगाउने सम्बन्धमा ।

७.फोहोरमैला व्यवस्थापनको कार्य शुरुवात गर्ने सम्बन्धमा ।

८. मिति २०८२/०४/२९ गते भवन हस्तान्तरण सम्बन्धमा ।

९.आर्थिक वर्ष ०८२/८३ मा प्र.प्र.अ संग कार्यसम्पादन सम्झौता गर्ने सम्बन्धमा ।

१०.विविध सम्वन्धमा ।

**निर्णय नं. १**

नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धमा नगरपालिका, विषयगत शाखा र वडा कार्यालयबाट भए गरेका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरुको बार्षिक प्रगति प्रतिवेदन शाखागत तथा वडागत रुपमा प्रस्तुत भयो । समीक्षाको क्रममा देखिएका सकारात्मक पक्षहरुलाई आर्थिक वर्ष २०८२।०८३ मा पनि निरन्तरता दिने, सुधार गर्नुपर्ने पक्षहरुमध्ये नगरपालिकाको आफ्नो तर्फबाट सुधार गर्नुपर्ने विषयहरु तत्काल सुधार गर्ने, संघीय सरकार, प्रदेश सरकार तथा अन्य पक्षहरुको सहयोगमा सुधार गर्न सकिने विषयहरु समन्वयको माध्यमबाट सुधार गर्दै जाने, आगामी दिनमा विकास निर्माण तथा सेवा प्रवाहमा थप प्रभावकारीता बृद्धि गर्दै जाने र पेश भएका विवरणहरुको समीक्षा प्रतिवेदन तयार गरी वेवसाइट लगायतका माध्यमबाट सार्वजनिक गर्ने ।

**निर्णय नं. २**

नगरसभाबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को तीति कार्यक्रम, आर्थिक ऐन र विनियोजन ऐन समावेश गरिएको बजेट तथा कार्यक्रम पुस्तिका (रातो किताब) यथाशिघ्र प्रकाशन गर्ने र वेवसाईटमा समेत राख्ने ।

**निर्णय नं. ३**

संघीय सरकारको समपुरक योजनाको प्रस्तावमा पेश भए अनुसार प्राप्त रु.४,२८,००,०००।०० बजेटबाट हर्रबोट-मोहोरियाकोट-प्याराजुङ सडकमा स्तरोन्नतिका लागि वोलपत्रको माध्यमबाट निर्माण कार्य अगाडि बढाउने सोही प्रस्तावमा पठाईएको बोराङखोला-मसार-कत्रेनी-प्याराजुङ सडक स्तरोन्नतिको लागि सडक वोर्डसँगको साझेदारीमा यस आर्थिक वर्षमा प्राप्त बजेटबाट निर्माणको कार्य अगाडि बढाउने ।

**निर्णय नं.४ :**

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नगरपालिकाको स्रोत र अन्य स्रोतबाट पारिश्रमिक भुक्तानी हुने तर हाल रिक्त रहेका निम्नानुसारको पदहरुमा विज्ञापन गरी पदपूर्तिको लागि प्रकृया अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**विज्ञापन हुने पदहरु सम्बन्धी विवरण :**

| क्र.सं. | रिक्त पद | कार्यालय/निकाय | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.हे.व. | भंगारी आधारभूत स्वास्थ्य सेवा केन्द्र १ | १ | रिक्त |
| २ | मनोसामाजिक परामर्शकर्ता | नगरकार्यपालिकाको कार्यालय | १ | नयाँ |
| ३ | रिटर्नी स्वयंसेवक | नगरकार्यपालिकाको कार्यालय | १ | नयाँ |

**निर्णय नं.५:**

नगरपालिकाले खरिद गरेको तर हालसम्म नगरपालिकाको नाममा नामसारी नभएको ब्याक होई लोडरको आवश्यक राजस्व रकम तिरेर नगरपालिकाको नाममा नामसारी गर्ने साथै सो को आवश्यक मर्मत सम्भार गरी चालू हालतमा राख्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.६:**

शिशु विद्याश्रम मा.वि.को छात्रावास भवन निर्माण गर्न यस अगाडि छनौट भई काम गरेको सुन्दर निर्माण सेवालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२७ को उपदफा १ (क) बमोजिमको बाँकी भुक्तानी दिई ठेक्का सम्झौता अन्त्य गर्ने र नगरपालिकाको माग बमोजिम यस आर्थिक वर्षमा संघीय सरकार विशेष अनुदान अन्तर्गतको रु.१,६६,००,०००।०० रकमबाट सार्वजनिक खरिद ऐन वमोजिम नयाँ खरिद प्रकृयाबाट निर्माण कार्य अगाडि बढाउने साथै म्याद समाप्त भएपनि धमिलिकुवा अस्पतालको भवन निर्माण कार्य गरिरहेको भगवती निर्माण सेवालाई सार्वजनिक खरिद ऐन अनुसारको दैनिक हर्जना लिई निर्माण कार्य गराउने नगरकार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं.७ :**

नगरपालिकाको वडा नं.४ मा तयार गरेको ल्याण्डफिल्ड पार्कमा यही मिति २०८२/०५/०१ गतेदेखि फोहोरमैला संकलन गरी व्यवस्थापन गर्ने कार्य शुरुवात गर्ने र ल्याण्डफिल्ड पार्कमा आवश्यक निर्माण तथा अन्य कार्यहरु समेत गराई उचित प्रबन्ध गर्ने ।

**निर्णय नं.८ :**

ल्याण्डफिल्ड पार्कका लागि नगरपालिकालाई जग्गा उपलब्ध गराउन मन्जुर भएका श्री उजेली नेपालीको नाममा राइनास नगरपालिका वडा नं.४ (साविक चक्रतिर्थ गा.वि.स. वडा नं.६) मा रहेको कित्ता नं. १४५ को ०-११-०-३ क्षेत्रफल भएको जग्गा रजिष्ट्रेशन पास गरी नामसारी लिने र सो कार्यका लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.९ :**

संघीय सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत REED परियोजनाबाट निर्माण सम्पन्न भई तयार भएको कृषि तथा पशु सेवा केन्द्रको भवन यही मिति २०८२/०४/२९ मा हस्तान्तरण गर्न अनुरोध भई आएकोले उक्त भवन हस्तान्तरण गरी लिने ।

**निर्णय नं.१० :**

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

**निर्णय नं.१० :**

आर्थिक वर्ष ०८२/८३ को लागि नगरसभावाट स्वीकृत ऐनहरु तथा अन्य नियमित कार्यहरु प्रभावकारी रुपमा सम्पादन गरी तोकिएको समयमै लक्ष्य हासिल गर्ने प्रमुख प्रशासकीय अधिकृत र नगरकार्यपालिकाबीच नियमानुसार कार्यसम्पादन सम्झौता गर्ने र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखहरु सँग पनि कार्यसम्पादन सम्झौता गरी कार्य अगाडि बढाउन निर्देशन गर्ने ।

**निर्णय नं.११ (विविध ) :**

क.नगरपालिकामा आर्थिक सहायोगका लागि पेश हुन आएका निम्न आवेदकहरुलाई स्वीकृत आर्थिक सहायता शिर्षकबाट निम्नअनुसारको आर्थिक सहयोग रकम उपलब्ध गराउने।

**निम्न :**

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | घटना/ क्षतिको विवरण | सहयोग रकम रु. |
|---|---|---|---|---|
| १ | सुस्मिता गुरुङ | वडा नं.१ | मृगौला प्रत्यारोपण गरेको | ३०,०००।०० |
| २ | कमला तिमिल्सेना | वडा नं.६ | पहिरोले घरमा क्षति भएको | १०,०००।०० |
| ३ | सुस्मा वि.क. | वडा नं.६ | आगलागी बाट १ भैंसी मरेको | १०,०००।०० |
| ४ | मदन घिमिरे | वडा नं.२ | १२० वटा कागती मरेको | १०,०००।०० |
| ५ | सुनिता श्रेष्ठ | वडा नं.६ | खरिद गरेर ल्याउदै गर्दा गाई मरेको | १०,०००।०० |
| ६ | नरमान श्रेष्ठ | वडा नं.६ | खरिद गरेर ल्याउदै गर्दा गाई मरेको | १०,०००।०० |
| ७ | रस्मिला बजगाई पराजुली | वडा नं.६ | खरिद गरेर ल्याउदै गर्दा गाई मरेको | १०,०००।०० |

ख.यस नगरपालिकाको वडा नं.६ धमिलिकुवामा प्रहरी चौकी रहेकोमा हाल अस्थायी प्रहरी विटम कायम भएकोले उक्त स्थान लमजुङ, तनहुं र गोरखा तीन जिल्लाको नाकामा पर्ने, अपराधिक गतिविधि बढ्दै गएको र मध्यपहाडी लोकमार्गको अवस्था समेतको आधारमा प्रहरी चौकी कायम गर्न आवश्यक भएकोले धमिलिकुवा अस्थायी प्रहरी विटलाई प्रहरी चौकि कायम गरिदिन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

ग.नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम नगरपालिकाको लोगो तथा नगर गीत तयारी शिर्षकमा विनियोजन भएको रकमबाट हाललाई नगरपालिकाको ऐतिहासिक, साँस्कृतिक, भौगोलिक र वास्तविक वस्तुस्थिति दर्साउने गरी नगरपालिकाको लोगो तयारी गर्ने प्रकृयाको लागि सूचना प्रकाशन गर्ने ।

घ.ल्याण्डफिल्ड पार्कका लागि नगरपालिकालाई जग्गा उपलब्ध गराउन मन्जुर भएका श्री उजेली नेपालीको नाममा राइनास नगरपालिका वडा नं.४ (साविक चक्रतिर्थ गा.वि.स. वडा नं.६) मा रहेको कित्ता नं. १४५ को ०-११-०-३ क्षेत्रफल भएको जग्गा रजिष्ट्रेशन पास गरी नामसारी गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेशन बापतको रकम छुट गरिदिन मालमोत कार्यालय लमजुङमा सिफारिस गर्ने ।

ङ. सार्वजनिक खरिद ऐन २०६३ को दफा (५४),उपदफा(१) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ तथा राइनास नगरपालिका सार्वजनिक खरिद नियमावली,२०७८ नियम ११८ , उपनियम १, खण्ड (ग) बमोजिम पूर्वाधार विकास शाखाबाट प्रस्तावित "RAINAS/NCB/W/05/081-082 हर्रबोट मोहरियाकोट हुँदै राइनासकोट जोड्ने सडक स्तरोन्नती" कार्यको भेरियसन स्वीकृत गर्ने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत